**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३० मार्च २०२३

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भारत रत्नले आज मरणोपरान्त सम्मानित हुनु भएका बिहारका पूर्व मुख्यमन्त्री कर्पुरी ठाकुर, प्रख्यात वैज्ञानिक डा एम.एस. स्वामिनाथन र दुई पूर्व प्रधानमन्त्रीहरू - चौधरी चरण सिंह र पी.वी. नरसिम्ह रावको योगदानको सराहना गर्नु भएको छ।

२. पश्चिम बङ्गाल मा प्रवर्तन निदेशालय (इडी) ले शेइख सहजहंलाई बशिर्हाट जेलमा सोधपुछ गरि रहेको छद्य

३. आज दार्जिलिंग लोक सभा क्षेत्रका भाजपा उम्मेदवार राजु बिष्टले गोर्खा जनमुक्ति मोर्चा कार्यालयमा गोजमुमो अद्यक्ष्य बिमल गुरुङ संग भेट गर्नु भयोद्य

४. आज दार्जिलिंग लोकसभा क्षेत्रबाट खरसांगका विदायक बि पी बजगाईं तथा गोर्खा राष्ट्रिय कांग्रेसका सुबोध पाखिनले नामांकन दर्ता गरेका छन्द्य

५. आईपीएल क्रिकेटमा आज लखनउको अटल बिहारी वाजपेयी एकना स्टेडियममा लखनउ सुपर जायन्ट्सले पञ्जाब किंग्ससँग प्रतिस्पर्धा गर्ने छ। खेल बेलुकाको ७ बजेर ३० मिनेटमा सुरु हुनेछ।

**राष्ट्रपति - भारत रत्न**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित एक समारोहमा पूर्व प्रधानमन्त्री पीवी नरसिम्हा राव र चौधरी चरण सिंह, कृषि वैज्ञानिक एम एस स्वामिनाथन र बिहारका दुईपल्टका पूर्व मुख्यमन्त्री कर्पूरी ठाकुरलाई मरणोपरान्त देशको सर्वोच्च नागरिक सम्मान भारत रत्न प्रदान गर्नु भयो। राष्ट्रपतिले भोलि पूर्व उपप्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता लालकृष्ण आडवाणीलाई देशको सर्वोच्च नागरिक सम्मान प्रदान गर्नुहुनेछ। अलंकरण समारोहमा पुरस्कार विजेतहरुका आफन्तहरुले पुरस्कार प्राप्त गर्नु भयो। अलंकरण समारोहमा उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गे, विदेशमन्त्री डा एस जयशंकर, बिहारका मुख्यमन्त्री नितिश कुमार र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित रहनु भएको

थियो। भारत रत्न देशको सर्वोच्च नागरिक पुरस्कार हो। यो असाधारण सेवा र मानव प्रयासको कुनै पनि क्षेत्रमा उच्चतम क्रमको प्रदर्शनको लागी सम्मानित गरिन्छ।

****** ० ******

**बङ्गाल चुनाव**

भाजपा नेता सुभेन्दु अधिकारीले आज पश्चिम बंगालको उलुबेरिया निर्वाचन क्षेत्रको चुनाव प्रचारमा भाग लिनु भएको छ। तृणमूल कांग्रेसका महासचिव अभिषेक बन्धोपाध्यायले आज मथुरापुर संसदीय क्षेत्रको कर्मी सभामा भाग लिनु भएको थियो। श्री अधिकारीले इन्डी (I.N.D.I.A) गठबन्धनमाथि हमला गर्दै पश्चिम बंगालको सत्तारुढ तृणमूल कांग्रेसको भ्रष्टाचारको उल्लेख गर्नु भयो। जबकि अभिषेक बन्धोपाध्यायले भाजपा पश्चिम बंगालको जनताको विरुद्धमा रहेको बताउनु भएको छ। आज भाजपा नेता डा सुकमतो मजुमदारले आफ्नो बालुरघाट निर्वाचन क्षेत्रमा प्रचार गर्नु भयो। बीजेपी नेताहरू डा जयन्त रोय र निसिथ प्रामानिकले पनि जलपाईगुडी र दिनहाटामा प्रचार गर्नु भयो। डा जयन्त रोय र निसिथ प्रामाणिकले १९ अप्रिलमा चुनावको सामना गर्नु हुने छ। दार्जिलिङका टीएमसी उम्मेदवार गोपाल लामाले आज चोपडामा प्रचार गर्नु भयो।

********** ० ******

**भाजपा घोषणा पत्र समिति**

भारतीय जनतापार्टीले लोकसभा चनावको निम्ति चुनव घोषणा -पत्र समितिको गठन गरेको छ। पार्टीको अध्यक्ष जगत प्राकाश नड्डाले आज यो घोष्णणा गर्दै भन्नुभयो कि २७ सदस्यीय समितिको अध्यक्ष पार्टीको वरिष्ठ नेता औ केन्द्रिय मंत्री श्री राजनाथ ंसह हुनेछ। वरिष्ठ भाजपा नेता श्रीमती निर्मला सीतारमनाके समितिका संयोजक अनि श्री पीयूष गोयललाई सह- संयोजक बनाईएको छ।

****** ० ******

**शेख सहजाहन**

पश्चिम बंगालमा, प्रवर्तन निदेशालय ईडीले शेख सहाजहानलाई बसिरहाट जेलमा सोधपुछ गरिरहेको छ। शेख सहाजहानलाई सीबीआईले गिरफ्तार गरेको थियो र हाल बसिरहट जेलमा छ। ईडीले जग्गा खोसेर पोखरी बनाउने र पोखरीमा माछा खेती गर्ने उनको भूमिकाबारे अनुसन्धान गरिरहेको छ। यो व्यवसायबाट पैसा कमाएर राजनीतिक नेता तथा विदेशमा पठाउने गर्थे।

****** ० ******

**राजु- बिमल भेट**

आज भाजपा उम्मेद्वार राजु बिष्टले दार्जीलिङ्ग स्तिथ गोर्खा जनमुक्ति पार्टी कार्यालयमा गोजमुमो अध्यक्ष बिमल गुरुङ संग भेट गरे। लोकसभा विषय लिएर दुई नेता हरू बीच बैठक बसेको थियो । बैठक पछि पत्रकार हरू सँग बातचीत गर्दै गोर्खाको सपना पूरा नभएको ले नै आफू चुनावमा उठेको राजु बिष्टले बताए। बैठक विषय बोल्दै अध्यक्ष बिमल गुरुङ सँग बैठक राम्रै भएको अनि यस बारे गोजमुमो अध्यक्षले नै आफ्नो पार्टीको केन्द्रीय समितिको बैठक पछि आफ्नो मन्तब्य राख्ने राजु बिष्टले बताए।

****** ० ******

**बी.पी बजगाई नामाकंन**

आगामी लोकसभा चुनावको निम्ति आज विधायक बी पी बजगाईले नामांकन दर्ता गरे। श्री बी पी बजगाईं भारतीय जनता पार्टीबाट खरसाङ विधान सभा क्षेत्रका विधायक हुनु हुन्छ। भाजपा पार्टी ले स्थानियलाई लोकसभा चुनावको निम्ति टिकट नदिएर बाहिर बाट उम्मेद्वार थोपेको उनले आरोप लगाउँदै लोकसभा चुनावमा आफ्नो उम्मेद्धारिता दिने घोषणा गरेका थिए। आज यसै अनुरूप नामांकन दर्ता गरेको उहाँले बताउनु भयो। पत्रकार हरू संग कुराकानी गर्ने क्रममा आफ्नो घोषणा पत्र लाई वचन पत्र हो भनी बताउँदै 17 वटा मुद्दाहरू यस वचन पत्रमा रहेको श्री बजगाईं ले बताउनु भएको छ।

****** ० ******

**राष्ट्रिय कंग्रेस नामाकंन**

गोर्खा राष्ट्रिय कंग्रेसका नेता सुबोध पाख्रिनले आज लोकसभा चुनावको निम्ति आफ्नो नामांकन दर्ता गर्नु भएको छ।नामांकन दर्ता गरे पछि पत्रकार समक्ष बोल्दै सिक्किम दार्जीलिङ एकीकरण आफ्नो मूल मुद्दा रहेको सुबोध पाख्रिनले बताउनु भयो।

****** ० ******

**स्वास्थय शिविर**

भारतीय चिकित्सक संध , कोलकाताका प्रख्यात चिकित्साक विशेषज्ञ –ड़ा. के.डी भट्टाचार्य एक आयुर्वेदिकको पहलमा आगामी सात अनि आठ तारीख मार्च २०२४ ,आइतबार अनि सोमबारको दिन अप्पर पचेङ सोनादा स्थित मानव उतथन सेवा समिति आश्रममा स्वास्थ्य शिविरको आयोजना गरिएको छ।

****** ० ******

**अनुराग –फूटबल**

युवा कार्यक्रम अनि खेलमंत्री अनुराग सिंह ठाकुरले गोवामा भइरहेको भारतीय महिला लीगको सय महिला फूटबल खेलाड़ीहरूको साथ कोचको दुर्ववहारमा मंत्रालयले गम्भीरताको साथ लिएको बताउनुभएको छ। सोशल मीडियाको एक पोस्टमा उहाँले भन्नुभ्ज्ञएको छ यस विषयमा उहाँले “ अखिल भारतीय फूटबल परिसंधलाई तुरन्त कार्वाही गर्ने अनि फूटबल खेलाड़ीहरूको सुरक्षा सुनिश्चित गर्ने निद्रेश दिएको छ। श्री ठाकुरले मंत्रालयले परिसंघलाई कड़ा कानूनी कार्वाही गरेर यस विषयबारे सूचित गर्ने निद्रेश दिनुभ्ज्ञएको कुरा बताउनु भएको छ। श्री ठाकुरले जोड़ दिँदै खेलाड़ीहरूको सुरक्षा सरकारको सर्वाच्च प्राथमिकतामा रहेको कुरा बताउनुभयो।

****** ० ******

**<u>चितुवा आक्रमण</u>**

जल्पाईगुडी जिल्लाको मटेली ब्लकको डाँगी डिभिजनको चियाबारीमा काम गर्ने क्रममा चितुवाको आक्रमणबाट आज एक महिला चिया मजदुर घाइते भएको छ। चिया बगानको खण्ड ३५ मा काम गरिरहेको समय अचानक चियाको झाडीबाट चितुवा बाहिर निस्केर महिला माथि आक्रमण गरेको थियो। यसको कारण महिला कामदार गम्भीर रुपमा घाइते हुनु भएको थियो। सहकर्मीहरुले महिलालाई उद्दार गरी मंगलबारी ग्रामीण अस्पताल पुर्याएका थिए। प्राथमिक उपचारपछि महिलालाई मालको सुपर स्पेशलिटी अस्पतालमा पठाईएको थियो। यस घटना पछि वन विभागको खुनिया टोली घटनास्थलमा पुगेको थियो। घाइते महिला कर्मीको उपचारको व्यवस्था वन विभागले गर्ने वन विभागले जानकारी दिएको छ।

****** ० ******

**<u>जीएनएलएफ</u>**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय कार्यलयमा गोरामुमो कार्यकर्ता लगायत गोरामुमो पार्टीलाई समर्थन जनाउदै अध्यक्ष मन घिसिङ संग आज अप्पर सोनादा अनि लोवर सोनादा बाट भेट गर्न समर्थक हरुको व्यापक उपस्थिति रहेको थियो । यसैक्रममा समर्थक हरुलाई सम्बोधन गर्दै गोरमुमो अध्यक्ष मन घिसिङले पार्टीको निम्ति मात्र लडेको छुइन तर उनले जातिको मुद्दा बोकेर हिडेको बताउनु भयो । अब समय नजिक छ अनि गोर्खाको समस्याको समाधान नजिक रहेको प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको बक्तब्यले ठूलो अर्थ लाग्ने पनि उनले बताउनु भयो ।

****** ० ******

**<u>अर्चना पाटिल</u>**

लोकसभाको पूर्व अध्यक्ष शिवराज पाटिलको बुकारी अर्चना पाटिल चाकुरकर भरतीय जनाता पार्टीमा शामिल भएको छ। महाराष्ट्रको उप-मुख्यमंत्री देबेन्द्र फंडणवीस अनि राज्य भाजपा अध्यक्ष चन्द्रशेखर बावनकुलेको उपसिथतमा आज उनले पार्टीको सदस्यता ग्रहण गरिन्। श्रीमती अर्चनको पति शैलेश पाटिल चंदरकर महाराष्ट्र राज्य कांग्रेस सचवको पदमा हुनुहुन्छ।

********** ० ******

**लागुऔषध**

पश्चिम बंगाल पुलिस को विशेष कार्यदल (एसटीएफ) टोलीले नागाल्याण्डबाट ठूलो परिमाणमा लागुऔषधसहित पश्चिम बंगाल पुगेका एक महिलासहित तीन तस्करलाई पक्राउ गरेको छ। तीनै जना मुर्शिदाबादको बहरामपुर थाना क्षेत्रका बासिन्दा हुन्। पश्चिम बंगाल पुलिसको विशेष टास्क फोर्सले हावडा जीआरपीसँग मिलेर मुर्शिदाबादको बहरामपुर नजिकै खडरघाट रेलवे स्टेशनमा छापा मारेको थियो। सुत्रले दिएको विवरणका आधारमा तीनै जनाको पहिचान गरी हिरासतमा लिइएको हो। उनीहरुको खोजी गर्दा दुई किलो हेरोइन बरामद भएको थियो।

****** ० ******

****** ० ******